# धर्मदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मुडेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं./Ltr. No. :- २०८३/८४
च.नं./Ref. No. :-

मितिः-२०८३/०५/०२
ने.सं.११४५गुँलाथ्व,६ मङ्गलबार

## सूचना ! सूचना !! सूचना !!!

### सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सुचना !

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका यस धर्मदेवी नगरपालिका सङ्खुवासभाको वडा नं १ देखी ९ सम्मका सम्पूर्ण लाभग्राहीहरुले आर्थिक वर्ष २०८३/०८४ को लागि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चालु आर्थिक वर्षको असोज मसान्त भित्रमा आवश्यक कागजात संलग्न गरी आ-आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न जानकारी गराइन्छ। ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि निजको बुवा, आमा, संरक्षक वा स्याहारसुसार गर्ने व्यक्ति उपस्थित भई नविकरण गरिदिने र अन्यको हकमा तपसिल बमोजिमका आवश्यक कागजात सहित व्यक्ति स्वयं उपस्थित भई वायोमेट्रिक सहित नवीकरण गर्नु/गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

**तपसिलः**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- राष्ट्रिय परिचयपत्र नम्बर/निस्सा कार्ड अनिवार्य,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपि,
- लाभग्राहीको तिनपुस्ते विवरण,
- लाभग्राहीको पासपोर्ट साईजको फोटो १ प्रति,
- विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्र र अर्को विवाह नगरेको वडाको सिफारिस,
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता भएको प्रमाणपत्रको प्रतिलिपि,
- दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र
- बैंक खाता नम्बर।

**(नोटः तोकिएको समय भित्रमा नवीकरण नगरेमा सामाजिक सुरक्षा भत्ता प्रणालीबाट स्वतः लाभग्राहीको नाम हटेर जानेछ।)**

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत